दोस्रो आवधिक योजना

प्रमुख सचिव

(आर्थिक वर्ष २०८१/०८२—२०८५/०८६)

# अवधारणा—पत्र

प्रदेश सरकार

## प्रदेश योजना आयोग

कोशी प्रदेश

विराटनगर

प्रदेश सचिव

प्रमुख सचिव

# विषयसूची

१. पृष्ठभूमि ........ १
२. पहिलो आवधिक योजनाको संक्षिप्त समीक्षा ........ २
३. प्रदेश परिचय ........ ४
४. प्रदेशको विकासका सवाल तथा चुनौती ........ ५
५. दोस्रो योजनाको कार्यदिशा ........ १०
६. योजना तर्जुमा विधि तथा प्रक्रिया ........ २०
७. अपेक्षित नतिजा ........ २१
सन्दर्भ सामग्री ........ २२

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
कोशी प्रदेश
विराटनगर, नेपाल

प्रदेश सचिव

प्रमुख सचिव

## १. पृष्ठभूमि

मुलुकमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको अभ्यास भएपछि स्थापना भएको कोशी प्रदेशले शताब्दिऔं देखिको जनताको विकास चाहना र आवश्यकतालाई सम्बोधन गर्न प्रदेशमा विद्यमान सम्भावनाको अत्युत्तम प्रयोगका लागि योजनाबद्ध विकासको अभ्यास आरम्भ गऱ्यो । नेपालको करिब सात दशक लामो योजनावद्ध विकास अभ्यासबाट प्राप्त अनुभवलाई आत्मसात गर्दै नेपालको पन्ध्रौं आवधिक योजनाले तय गरेका राष्ट्रिय सोचलाई हृदयङ्गम गरी त्यसका लक्ष्य प्राप्तिमा समेत योगदान गर्न कोशी प्रदेशले पहिलो आवधिक योजना कार्यान्वयनमा ल्यायो । पहिलो आवधिक योजनाको कार्यान्वयनबाट प्रदेशमा विकासको सोच प्रष्ट भई समृद्धिको यात्रा सफलतापूर्वक अगाडि बढेको छ ।

विकासका आवश्यकता तथा सम्भावनालाई नजिकबाट नियालेर उपलब्ध स्रोत साधनको अधिकतम परिचालन गरी जनताको विकास अपेक्षाको सम्बोधन गर्न सहज बनाउने उद्देश्यले संविधानतः प्रदेशको स्थापना भएको हो । तीन तहका सरकार र विकासका सबै साझेदारबीच सहकार्यको प्रयास भएको छ । सन्तुलित, समन्यायिक र समावेशी विकासलाई सुनिश्चित गर्दै उच्च, दिगो र फराकिलो आर्थिक वृद्धिमार्फत जनताको विकास अपेक्षा पूरा गर्दै कोशी प्रदेशलाई देशकै अग्रणी प्रदेश बनाउने लक्ष्य लिइएको छ। संविधानले लिएको दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकाङ्क्षा पूरा गर्न, मौलिक हक, राज्यका निर्देशक सिद्धान्त तथा नीतिको कार्यान्वयन गर्न, आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न, समाजवादउन्मुख अर्थतन्त्रको निर्माणका लागि सार्वजनिक, निजी र सहकारी क्षेत्रको परिचालन गरीएको छ।

नेपालले लिएको "समृद्ध नेपाल सुखी नेपाली" को दीर्घकालीन सोच (वि.सं. २१००), दिगो विकास लक्ष्य तथा नेपाललाई मध्यम आय भएको मुलुकमा उकाल्ने लक्ष्य (वि.सं. २०८७) लाई योगदान गर्न तथा प्रदेशको दीर्घकालीन सोच "स्वच्छ, सुखी र समुन्नत प्रदेश" हासिल गर्नका लागि कोशी प्रदेश सरकारले कार्यान्वयनमा ल्याएको पहिलो आवधिक योजना (आर्थिक वर्ष २०७६/०७७-२०८०/०८१) को कार्यान्वयन अवधि २०८१ असार मसान्तबाट सम्पन्न हुने भएकाले विकासका राष्ट्रिय दीर्घकालीन सोच तथा लक्ष्य हासिल गर्न मद्दत गर्ने तथा प्रदेशको विकासको आवश्यकता पूरा गर्नका लागि दोस्रो आवधिक योजना (आर्थिक वर्ष २०८१/०८२-२०८५/०८६) को अवधारणापत्र तयार पारिएको छ ।

प्रदेश सचिव

प्रमुख सचिव

## २. पहिलो आवधिक योजनाको संक्षिप्त समीक्षा

समष्टिगत आर्थिक क्षेत्रतर्फ योजनाको अन्त्यसम्ममा प्रदेशको गार्हस्थ उत्पादनको आकार ८ खर्ब ३ अर्ब ५६ करोड पुऱ्याउने लक्ष्य लिएकोमा योजना कार्यान्वयनको चौंथो वर्ष आर्थिक वर्ष २०७९।८० मा आई पुग्दा प्रदेशको अर्थतन्त्रको आकार पाँच वर्षको लक्ष्यलाई उछिन्दै ८ खर्ब ४९ अर्ब ६५ करोड पुगेको छ । योजनाले औषत आर्थिक वृद्धिदर ९.७ प्रतिशत पुऱ्याउने लक्ष्य राखेकोमा बिगत चार वर्षमा प्राप्त भएको उपलब्धि समेत विश्लेषण गर्दा यो लक्ष्य हासिल हुने सम्भावना देखिदैन । गार्हस्थ उत्पादनको संरचनात्मक रूपान्तरणमा आवधिक योजनाले अपेक्षित नतिजा हासिल गर्न सक्ने देखिएन । प्रदेशको गार्हस्थ उत्पादनमा उद्योग क्षेत्रको योगदान बढाई २३.६१ प्रतिशत बनाउने लक्ष्य लिएकोमा यो योगदान आधार वर्षकोभन्दा पनि खुम्चिएर १६.८ प्रतिशत हुनुले उद्योगको विस्तारमा प्रदेशले सफलता पाउन सकेन ।

राष्ट्रिय कृषि उत्पादनमा कोशी प्रदेशको योगदान २२ प्रतिशत छ । यो अन्य सबै प्रदेशको भन्दा बढि हो । योजनाले गरीबीको रेखामुनी रहेको जनसङ्ख्या १२.४ प्रतिशतबाट ११ प्रतिशतमा झार्ने लक्ष्य लिएकोमा नेपाल जीवनस्तर सर्वेक्षण चौंथोले गरीबी १७.१९ प्रतिशत रहेको जनाएको छ । बहुआयामिक गरीबी भने १९.७ प्रतिशतबाट घटेर १४.२ प्रतिशतमा झरेको छ । त्यस्तै मानव विकास सूचकाङ्क ०.६० को स्तरमा पुऱ्याउने भनिएकोमा ०.५८ मा पुगेको छ ।

योजना कार्यान्वयनले पहिलो तीन आर्थिक वर्षमा पुँजीगत खर्चको अंश क्रमशः घट्दै गएको देखिनु चिन्ताको विषय हो। प्रदेशमा पुँजीगत खर्च क्षमता बढाउदै लैजानु आवश्यक छ भने विनियोजन कुशलतामा पनि सुधार गर्नुपर्ने देखिन्छ । प्रदेशको चालु खर्चमा कमी आउन सकेको छैन । योजनाले लक्ष्य गरेबमोजिम प्रदेशको चालु खर्च आन्तरिक राजस्वले धान्न सक्ने अवस्था देखिएन ।

प्रदेशको साक्षरता दर ७९.७ प्रतिशत छ । जसमा पुरुष साक्षरता ८६.१८ र महिला साक्षरता ७३.६ प्रतिशत छ । शिक्षामा देखिएको विभेद, स्वास्थ्य सुविधाको केन्द्रिकरण, तीव्र बसाईसराईले विकासमा असन्तुलन देखिएको छ भने खाद्यान्नमा आत्मनिर्भर प्रदेश भए तापनि खाद्य जोखिममा रहेका नागरिकको सङ्ख्या उच्च हुनुले वितरण प्रणालीमा पनि प्रश्न सिर्जना गरेको छ । योजनाले पर्यटन क्षेत्रको योगदान कूलगार्हस्थ उत्पादनमा ५ प्रतिशत पुऱ्याउने लक्ष्य राखेकोमा यस्तो योगदान १.९ प्रतिशत मात्र पुग्नुले घोषित लक्ष्य हासिल हुने देखिदैन ।

प्रदेश सचिव

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कोशी प्रदेश

प्रमुख सचिव

प्रदेशमा ९० प्रतिशतले आधारभूत खानेपानी सुविधा प्राप्त गरेका छन् जब कि योजनाले ९९ प्रतिशत जनसङ्ख्यामा यस्तो सुविधा पुऱ्याउने लक्ष्य राखेको छ । योजनाको अन्त्यसम्म २५०० मेगावाट विद्युत उत्पादन गर्ने भनिएकोमा योजना कार्यान्वयनको चार वर्षमा जम्मा ५१४.२ मेगावाट विद्युत उत्पादन भएको छ । कोशी प्रदेशले देशको कूल सडकको २०.४३ प्रतिशत ओगटेको छ । प्रदेशको सडक घनत्व प्रति वर्ग कि.मि. ०.५२ छ यो राष्ट्रिय सडक घनत्व ०.४५ प्रति व.कि.मि. भन्दा राम्रो हो ।

हिमाली तथा पहाडी क्षेत्रमा जनसङ्ख्या घटेको देखिन्छ भने तराई क्षेत्रमा जनसङ्ख्या वृद्धिदर राष्ट्रिय औषत (०.९२ प्रतिशत) भन्दा बढी (१.८२ प्रतिशत) देखिन्छ । यसले हिमाल तथा पहाडबाट तराईतिर बसाई सर्ने क्रमलाई सङ्केत गर्दछ । १० जिल्लाको जनसङ्ख्या वृद्धिदर ऋणात्मक छ । पहिलो आवधिक योजनाले राखेका लक्ष्य र हालसम्म प्राप्त उपलब्धिको तुलना गर्दा लक्ष्य हासिल चुनौतीपूर्ण देखिएको छ । खास गरी भौगोलिक अवस्थितिबाट अधिक फाईदा लिने गरी क्षेत्रीय सन्तुलन कायम गर्दै कृषि, उर्जा, उद्योग तथा बाणिज्य र शिक्षा तथा स्वास्थ्यमा विशेष लाभ लिने गरी नयाँ सोच र रणनीति तय गर्नुपर्ने देखिन्छ ।


प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कोशी प्रदेश विराटनगर, नेपाल

प्रदेश सचिव

प्रमुख सचिव

## ३. प्रदेश परिचय

देशको पूर्वी भूगोल समेटेर कोशी प्रदेश (तल संलग्न नक्सा अनुसार) स्थापना भएको छ । २५,९०५ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको यस प्रदेशले देशको १७.६ प्रतिशत क्षेत्रफल ओगटेको छ । उत्तरमा हिमाली भेग, मध्य भागमा पहाड र दक्षिणमा तराईका जिल्ला रहेका छन्, कूल क्षेत्रफलको ८२ प्रतिशत पहाड तथा हिमाल र १८ प्रतिशत तराईको भूगोल रहेको छ। पूर्वी नेपालका १४ जिल्ला समेटेको यस प्रदेशमा १ महानगरपालिका, २ उपमहानगरपालिका, ४६ नगरपालिका र ८८ गाउँपालिका गरी जम्मा १३७ स्थानीय तह रहेका छन् । संसारको सर्वोच्च शिखर सगरमाथा र अन्य अग्ला शिखरहरू




कञ्चनजङ्घा, लोत्से, मकालु र चोयुका साथै नेपालको सबैभन्दा होचो ठाउँ केचना पनि यसै प्रदेशको धरातलले समेटेको छ।

राष्ट्रिय जनगणना २०७८ बमोजिम कोशी प्रदेशको जनसङ्ख्या ४९,६१,४१२ छ, जसमध्ये पुरुष २४,१७,३२८ (४८.७२ प्रतिशत) र महिला २५,४४,०८४ (५१.२८ प्रतिशत) छ । प्रदेशको



सचिव

प्रमुख सचिव

जनसङ्ख्या वृद्धिदर ०.८६ प्रतिशत मात्र रहेको छ । लैङ्गिक अनुपात ९५.०२ रहेको छ । काम गर्ने सक्रिय उमेर समूह (१५ देखि ५९ वर्ष) को जनसङ्ख्या वृद्धि भएर ६२.८ प्रतिशत पुगेको छ । जनसङ्ख्यामा मोरङ जिल्लाको हिस्सा सबैभन्दा बढी (२३.१ प्रतिशत) छ भने तेह्रथुमको हिस्सा सबैभन्दा कम (१.८ प्रतिशत) छ । उत्तरबाट दक्षिणतर्फ बसाईसर्ने क्रम उच्च देखिन्छ ।

प्रदेशको अर्थतन्त्रको आकार ८ खर्ब ४९ अर्ब ६५ करोड पुगेको छ जुन नेपालको गार्हस्थ उत्पादनको १५.७९ प्रतिशत हो । देशको कृषि उत्पादनमा यस प्रदेशको योगदान २२ प्रतिशत छ । प्रदेशको साक्षरता दर ७९.७ प्रतिशत छ र औषत आयु ७२ वर्ष रहेको छ ।

नेपालको जलस्रोतको २८ प्रतिशत क्षेत्र कोशी प्रदेशले ओगट्दछ । विद्युत उत्पादन क्षमता ३४ हजार मेगावाट रहेकोमा हालसम्म प्रदेशमा ५१४.२ मेगावाट विद्युत उत्पादन भएको छ । प्रदेशमा ४४.४४ प्रतिशत भूभाग वन क्षेत्रले ओगटेको छ । राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष तथा संरक्षित क्षेत्रहरू लगायतका प्राकृतिक सम्पदाहरूले प्रदेश सम्पन्न छ । प्राकृतिक सुन्दरता र विविधता आदिले गर्दा पर्यटकीय दृष्टिबाट प्रदेश उच्च सम्भावनायुक्त छ । प्रदेशको कूल भूभागको ३१.९ प्रतिशत जमिन खेतियोग्य छ । प्रदेशमा उद्योगको सङ्ख्या निरन्तर बढ्दै गएको छ । उद्योग क्षेत्रमा कूल लगानी ६ खर्ब १९ अर्ब ४७ करोड पुगेको छ । यस प्रदेशमा देशका महत्वपूर्ण व्यापारिक केन्द्र तथा आर्थिक एकाईहरू रहेका छन् । यस्ता केन्द्रको उपयोग गरी प्रदेशले अन्तर्राष्ट्रिय बजारमा सहजै पहुँच स्थापित गर्न सक्छ । तराई, पहाड र उच्च हिमाली क्षेत्रका आफ्नै विशेषता र चुनौतीहरू छन् । प्रदेशको समग्र विकास योजना तयार गर्दा यी भौगोलिक तथा अन्य विविधता र विशिष्टताले प्रस्फुटन गरेका सम्भावना, चुनौती र यिनीहरूको बीचको अन्तरसम्बन्ध र अन्तरनिर्भरतालाई गहिराईमा बुझनुपर्ने र तिनको सदुपयोग गर्नुपर्ने हुन्छ ।

## ४. प्रदेशको विकासका सवाल तथा चुनौती

### ४.१ आर्थिक

- राष्ट्रियस्तरमा रहेको निरन्तरको न्यून तथा अनपेक्षित आर्थिक वृद्धिदरको प्रभाव प्रदेशमा पनि पर्नु,
- प्रदेशमा गार्हस्थ उत्पादनको संरचनामा सेवा क्षेत्रको प्रभाव ठूलो रहनु, प्राथमिक क्षेत्रको योगदान प्रदेश अर्थतन्त्रमा अझ पनि उच्च रहनु, उत्पादनमूलक उद्योगको योगदान बढ्न नसक्नु, प्रदेशको तीव्र आर्थिक वृद्धि तथा दिगो विकासको लक्ष्य हासिल नहुनु,
- आन्तरिक स्रोत परिचालन क्षमता कमजोर, चालु खर्चका लागि समेत सङ्घीय अनुदानमा निर्भर रहनु ।



सचिव

प्रमुख सचिव

४.२ सङ्घीयता कार्यान्वयन

- सङ्घीय सरकारको वित्तीय सङ्घीयतासम्बन्धी नीति उदार नहुँदा प्रदेशको सङ्घीय सरकारसँगको निर्भरता उच्च रहनु,
- सङ्घीय सरकारबाट संविधानमा उल्लेख भएका अधिकार प्रादेशिक स्तरमा हस्तान्तरण हुन नसक्नु, स्थानीय तहसँगको कमजोर सहकार्य र समन्वय, प्रदेशमैत्री शासकीय वातावरण कमजोर हुनु,
- प्रदेशलाई आवश्यक पर्ने जनशक्तिको उपलब्धता सुनिश्चित गर्न र जनशक्ति परिचालनको अधिकार प्राप्त गर्न नसक्नु,
- सङ्घीय सरकारबाट प्रदेशमा तथा स्थानीय तहमा संरचनागत दोहोरोपना कायम राख्दा खर्च बढ्नु, अधिकारमा दोहोरोपना आउनु तथा विकास निर्माणका काममा अन्यौलता सिर्जना हुनु,
- प्रदेशले प्रवाह गर्ने सेवाहरूको गुणस्तर, नागरिक सन्तुष्टि तथा प्रभावकारितामा न्यूनता देखिनु ।

४.३ क्षेत्रीय विकास

- हिमाल, पहाड र तराईको सन्तुलित विकास तथा विकासमा अपेक्षित अन्तरसम्बन्ध स्थापना हुन नसक्नु,
- विकासका नीतिहरू भौगोलिक विशिष्टतासँग तालमेल हुन नसक्नु,
- हिमाल, पहाड तथा तराईमा भएको पूर्वाधारको लगानीबाट अपेक्षित आर्थिक लाभ लिन नसक्नु,
- उच्च आन्तरिक बसाईसराई, ग्रामीण क्षेत्र रित्तिने क्रम तीव्र हुनु र उत्तर—दक्षिण बसाईसराईलाई रोक्न नसक्नु,
- बढ्दो सहरीकरण तथा सहरी सुविधाको अपर्याप्तता रहनु,
- उच्च सहरीकरणले उजागर गरेका विकासका सम्भावनाहरूलाई आर्थिक विकासका नीतिसँग जोड्न नसक्नु,
- सडक र यातायातको विस्तारलाई आर्थिक विकास र सहरीकरणसँग जोड्न नसक्नु,
- जमिनको अव्यवस्थित प्रयोग, बढ्दो खण्डीकरण रोक्न नसक्नु,
- रोजगारीका अवसरमा न्यूनता हुनु,
- युवाहरूको तीव्र विदेश पलायन रोक्न नसक्नु ।

४.४क्षेत्रगत सवाल तथा चुनौती

कृषि

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कोशी प्रदेश

प्रदेश सचिव

प्रमुख सचिव

- कृषिको उत्पादकत्व वृद्धि, उत्पादित कृषि उपजको संरक्षण तथा बजारीकरण, कृषिको आधुनिकीकरण तथा व्यावसायीकरण गर्नु,
- कृषि क्षेत्रले अन्तर्राष्ट्रिय बजारसँग प्रतिस्पर्धा गर्नु,
- उच्च पहाडि र हिमाली जिल्लाहरुमा रहेका बहुमुल्य जडिबुटी, धातु तथा रैथाने कृषि उपजको संरक्षण तथा बजारीकरण गर्नु,
- जलवायु परिवर्तन अनुकूलन तथा उत्थानशील कृषिको विकास गर्नु .
- कृषि वालीको संरक्षणमा प्राकृतिक प्रकोप र जिवजन्तु (बाँदर) बाट खतरा उत्पन्न हुनु।

पर्यटन

- पर्यटकीय गन्तव्य पहिचान, संरक्षण, विकास तथा बजारीकरण, ठूला पर्यटकीय पूर्वाधार निर्माण, ग्रामीण र सहरी पर्यटन बीच अन्तरसम्बन्ध विकास, पर्यटनसम्बन्धी सूचना प्रवाह, पर्यटकको स्वास्थ्य सुविधाको प्रबन्ध गर्नु,
- जैविक विविधताको संरक्षण तथा संवर्धन, जलवायु अनुकूलन विकास तथा विपद् व्यवस्थापन गर्नु,
- सांस्कृतिक, धार्मिक, भाषिक विविधताको संरक्षण, संवर्धन तथा सांस्कृतिक अन्तर्घुलन र सामाजिक सद्भावलाई पर्यटनसँग जोड्नु ।

उद्योग

- देशको युवा जनशक्तिलाई उद्योग व्यवसाय तर्फ आकर्षित गर्ने कुनै योजना नहुनु,
- उद्योग स्थापनामा एकद्वार प्रणालीलाई स्थापित गर्न नसक्नु ।
- उद्योग क्षेत्रलाई पुनर्जीवन प्रदान गर्नु, नयाँ उद्योग स्थापनाका लागि अनुकूल वातावरण बनाउनु तथा अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्न सक्ने गरी औद्योगिक विकास गर्नु,
- उद्योग तथा सेवा क्षेत्रले अन्तर्राष्ट्रिय बजारसँग प्रतिस्पर्धा गर्न सक्ने क्षमता कमजोर हुनु,
- निर्यात बढ्न नसक्नु, उच्च आयात र आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धनको प्रयास कमजोर हुनु,
- उद्योगका लागि आवश्यक जग्गा, विद्युत लयायतका पूर्वाधार, दक्ष जनशक्ति, सुलभ पुँजी तथा प्रविधिको सहज उपलब्धता नहुनु ।

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कोशी प्रदेश विराटनगर, नेपाल

प्रदेश सचिव

प्रमुख सचिव

सामाजिक विकास

- शिक्षा, स्वास्थ्य, भौतिक पूर्वाधार तथा अन्य अवसरहरू सीमित स्थानमा केन्द्रित हुनु,
- पोषण, मातृ स्वास्थ्य, बाल श्रम, बाल विवाह, महिला हिंसा, सामाजिक विभेद आदि जस्ता सामाजिक सूचकहरूमा अपेक्षित उपलब्धि हासिल गर्नु,
- क्षेत्रीय, वर्गीय, जातीय रूपमा समतामूलक समाजको निर्माण गर्नु,
- पूर्वीय सभ्यतासँग जोडिएका योग, ध्यान तथा आध्यात्मिक संस्कृतिको जगेर्ना गर्नु,
- समावेशी तथा सहभागितामूलक विकासको अभ्यास गर्नु,
- सांस्कृतिक विविधता बीच सद्भाव तथा एकता कायम गर्नु,
- युवा जनशक्तिको उचित परिचालनबाट प्रदेशले अधिकतम लाभ लिने अवस्था सिर्जना गर्नु,
- प्रदेशलाई आवश्यक पर्ने जनशक्ति उत्पादनका लागि जनशक्ति व्यवस्थापनको दीर्घकालीन योजना बनाउनु ।
-

सूचना प्रविधि

- बढ्दो सूचना प्रविधिको प्रयोगलाई व्यवस्थित गर्दै रोजगारी सिर्जना तथा आय आर्जनसँग जोड्ने विधि पहिचान गर्नु,
- सूचना प्रविधिको प्रयोगबाट हुन सक्ने जोखिमको न्यूनीकरण गर्नका लागि व्यवस्थापनको बलियो संयन्त्र तयार पार्नु,
- अन्तर्राष्ट्रिय बजारमा नेपाली युवाहरूले उपलब्ध गराउँदै आएको सूचना प्रविधिको विज्ञता सेवाको विस्तार तथा व्यवस्थापन गर्नु ।

४.५ वित्तीय स्रोत व्यवस्थापन

- वित्तीय स्रोत व्यवस्थापनको जटिलता, कमजोर पुँजीगत खर्च क्षमता, बढ्दो चालु खर्च, कमजोर विनियोजन कुशलतामा सुधार गर्नु,
- आन्तरिक राजस्व परिचालन क्षमतामा वृद्धि गर्नु,
- आयोजना पहिचान, छनौट र कार्यान्वयनमा समस्या, स्रोतले धान्न नसक्ने गरी आयोजना विस्तार, आयोजना समयमा सम्पन्न नहुनु, आयोजनाको दिगोपना बढाउनु,



प्रदेश सचिव

प्रमुख सचिव

- दीर्घकालीन सोच, आवधिक योजना, वार्षिक योजना, बजेट तथा कार्यक्रमका बीच तालमेल कायम गर्नु,
- सङ्घीय समपूरक, सशर्त र विशेष योजनाको निरन्तरता, बजेट उपलब्धता र कार्यान्वयनमा तालमेल नदेखिनु,
- विप्रेषणले बढाएको उपभोग खर्चलाई धान्न सक्ने गरी उत्पादन बढाउनु तथा विप्रेषणको उत्पादनमूलक क्षेत्रमा उपयोग गर्नु ।

### ४.६ निजी क्षेत्र र नागरिक समाजको सहभागिता

- निजी क्षेत्रमैत्री लगानी वातावरण तयार पार्नु, सहकारी, समुदाय तथा आम नागरिकलाई विकासको साझेदारको रूपमा परिचालन गर्नु,
- सहकारीको क्षमता अभिवृद्धि तथा प्रभावकारी नियमन गर्नु,
- बैङ्क तथा वित्तीय संस्थाका स्रोतहरूको उत्पादनमूलक क्षेत्रमा परिचालनका लागि सहजीकरण गर्नु,
- विकासमा नागरिकक संलग्नता अपेक्षित रूपमा बढ्न नसक्नु ।

### ४.७ तथ्यमा आधारित योजना तथा अनुगमन

- प्रदेशको एकीकृत तथा खण्डीकृत तथ्याङ्क व्यवस्थापन एवम् नीति निर्माणमा तिनको प्रयोग गर्नु,
- अनुगमन तथा मूल्याङ्कन प्रणाली विकास तथा त्यसको व्यवस्थापन गर्नु,

### ४.८ विकासका अवरोध

- न्यून बचतका कारण लगानीयोग्य पुँजीको न्यून उपलब्धता र पुँजीको लागत उच्च हुनु,
- सुविधायुक्त र भरपर्दो पूर्वाधारको न्यूनताले लगानीबाट अपेक्षित प्रतिफल प्राप्त गर्न कठिन देखिनु,
- न्यून अन्तरआवद्धता र कमजोर बजार श्रृङ्खलाका कारण उत्पादनले उचित मूल्य र बजार पाउन कठिन हुनु,
- लगानीमैत्री वातावरण कायम हुन नसक्दा निजी क्षेत्र उत्साहित हुन नसक्नु,
- समावेशी आर्थिक वृद्धि र सन्तुलित विकास सुनिश्चित गर्न कठिन हुनु,
- स्थानीयस्तरमा बजारले मागेको पर्याप्त दक्ष जनशक्तिको उपलब्धता नहुनु,
- उद्योग लगायतका अन्य विकास पूर्वाधारलाई जमिनको प्राप्ति कठिन हुनु,
- सुशासन कायम गर्न कठिन भई सार्वजनिक सेवा प्रवाह प्रभावकारी हुन नसक्नु ।

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कोशी प्रदेश विराटनगर, नेपाल



प्रदेश सचिव

प्रमुख सचिव

४.९ सम्भावना तथा अवसर

- सङ्घीयताले उजागर गरेका क्षेत्रीय विकासका सम्भावना,
- भौगोलिक विविधताले उत्पन्न गर्ने पर्यटन, कृषि, फलफूल, खनिज उद्योगका सम्भावना आर्थिक विकासको लागि उत्तम अवसर,
- यातायातको बढ्दो सञ्जाल (मध्यपहाडी लोगमार्ग, उत्तर दक्षिण करिडोर, पूर्व पश्चिम करिडोर) ले उत्पन्न गरेका अवसर,
- आधुनिक यातायात पूर्वाधारबाट विश्वको सर्वोच्च शिखर सगरमाथा र हिमश्रृङ्खलालाई समेटी पर्यटन प्रवर्धन गर्ने अवसर,
- पूर्वी तथा दक्षिणसँगको बढ्दो क्षेत्रीय तहमा भएको यातायात र व्यापार विकासले उत्पन्न गरेका सम्भावना,
- पर्यावरणीय विशिष्टतालाई प्रयोग गरी उत्कृष्ट सेवा क्षेत्र (शैक्षिक, स्वास्थ्य, पर्यटन आदि) विकास गर्ने सम्भावना,
- प्रदेशमा विद्यमान विविधितायुक्त संस्कृतिको संरक्षण तथा संवर्द्धनबाट प्राप्त हुने लाभ,
- नगदेबाली प्रति देखिएको आकर्षण र तुलनात्मक लाभबाट व्यवसायिक उत्पादन वृद्धि गरी कृषिमा विशिष्टता हासिल गर्ने अवसर ।
- बढदो खपतले आयात प्रतिस्थापनको बजार ठुलो भएकोले आन्तरिक उत्पादनको लागि बजार उपलब्ध भएको ।
- आयातित बस्तुको खपतले आयात प्रतिस्थापन र स्थानीय बजारको लाभ लिन उत्पादन र गुणस्तरमा सुधार गर्ने दवाव हुनु ।
-

## ५. दोस्रो योजनाको कार्यदिशा

### ५.१. सोच

"सुशासित, खुसी, आर्थिकरुपले गतिशिल र समुन्नत प्रदेश"

### ५.२. लक्ष्य

शान्ति, समानता र सुशासन सहितको लगानी मैत्री समृद्ध प्रदेश निर्माण ।



प्रदेश सचिव

प्रमुख सचिव

## ५.३. उद्देश्य

- कृषि, उद्योग र सेवा क्षेत्रमा वातावरणमैत्री उत्पादन तथा उत्पादकत्व वृद्धि गरी सम्पन्न नागरिक र समुन्नत प्रदेश निर्माण गर्नु,
- शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा लगायतका सामाजिक विकासका क्षेत्रमा लगानी वृद्धि गरी सामाजिक न्याय सहित नागरिकको सुख वृद्धि गर्नु,
- प्रदेशमा सार्वजनिक, निजी तथा सामुदायिक क्षेत्रको सेवा प्रवाह नागरिकमैत्री बनाई प्रत्येक नागरिकले शान्ति, सुरक्षा तथा सुशासनको अनुभूति गर्न सक्ने बनाउनु,
- प्रदेशका भौतिक तथा सामाजिक पूर्वाधारको उच्चतम उपयोग गरी समृद्धि हासिल गर्नु ।
- कानून, नीति, प्रकृया र सार्वजनिक सेवा प्रवाहमा सुधार गरी आन्तरिक तथा बाह्य लगानी बढाउनु ।

## ५.४.समष्टिगत रणनीति

- अर्थतन्त्रका संरचनात्मक अवरोध पहिचान गरी त्यसलाई सम्बोधन गर्दै संरचनाहरुको क्षमता वृद्धि गर्दै रूपान्तरणमार्फत उत्पादन तथा उत्पादकत्व अभिवृद्धि र रोजगारी सिर्जना गर्ने क्षेत्रमा सरकारी र नीजिक्षेत्रको लगानी परिचालन गरी उच्च, दिगो एवम् फराकिलो आर्थिक वृद्धि हासिल गर्ने ।
- सङ्घीय सरकार र स्थानीय तहका बीच नतिजामूलक कार्यसम्बन्ध विकास गरी स्रोत परिचालन, योजना कार्यान्वयन तथा सेवा प्रवाह क्षमता विस्तार गरी प्रदेशको कार्यसम्पादन क्षमता अभिवृद्धि गर्ने ।
- प्रदेशको भौगोलिक विविधता र विशिष्टता बीच अन्तरसम्बन्ध कायम गर्दै भौगोलिक तथा पर्यावरणीय विशिष्टताबाट लाभ लिन सक्ने गरी सहभागितामूलक तथा हरित, उत्थानशील एवम् समावेशी विकासमा जोड दिने ।
- शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा जस्ता आधारभूत सेवाहरूको गुणस्तरमा सुधार, सन्तुलित, समावेशी तथा समन्यायिक वितरणमार्फत सामाजिक न्याय प्रत्याभूत गर्ने ।
- तथ्यमा आधारित नीति निर्माणमा जोड दिने, सेवा प्रवाहमा पारदर्शिता तथा विश्वसनियता कायम गरी सुशासन अभिवृद्धि गर्ने ।
- बजारको माग बमोजिम क्षमतावान श्रमशक्तिको बिकास गर्ने ।
- उत्तर दक्षिण कोरिडोरको १ कि.मि. दायाँ बायाँको क्षेत्रलाई प्राङ्गारिक खेति र पर्यटनसँग जोडेर विशेष एकिकृत कार्यक्रममार्फत आर्थिक गतिविधि चलायमान गर्ने ।

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कोशी प्रदेश विराटनगर, नेपाल

प्रदेश सचिव

प्रमुख सचिव

५.५. ठूला र रूपान्तरणकारी आयोजनाहरूको लाभ

- प्रदेशमा निर्माणाधीन राष्ट्रिय गौरव तथा प्रदेशका रूपान्तरणकारी आयोजनाबाट प्रदेशले अधिकतम लाभ लिने गरी तयारी गर्नु,
- प्रतिफलयुक्त ठूला आयोजनाहरूमा लगानी बढाउनु र त्यस्ता आयोजनाहरू समयमा सम्पन्न गर्नु,
- प्रदेश र संघको लागत साझेदारीमा सञ्चालन गर्न सकिने तथा सरकार र निजी क्षेत्रको लागत साझेदारीमा सञ्चालन गर्न सकिने ठूला आयोजनाहरू पहिचान गरी कार्यान्वयन गर्नु,
- प्रदेशको उत्तर दक्षिण जोड्ने सडक सञ्चालनको निर्माण सम्पन्न गर्नु तथा त्यस्ता आयोजनाबाट पर्यटन र कृषि उत्पादन र आन्तरिक तथा अन्तर्राष्ट्रिय आर्थिक सम्बन्ध सुदृढ पार्नु ।

५.६. संरचनात्मक रूपान्तरणका क्षेत्र तथा रणनीति

५.६.१ प्रदेशको समष्टिगत आर्थिक क्षेत्रको सबलीकरण, स्थायित्व र वित्तीय क्षमता अभिवृद्धि

- उपलब्ध प्राकृतिक, सांस्कृतिक, मानवीय तथा वित्तीय स्रोत साधनको प्रभावकारी परिचालन गरी दिगो, उच्च र फराकिलो आर्थिक वृद्धिदर हासिल गर्ने,
- प्राथमिक क्षेत्रको सबलीकरण, द्वितीय क्षेत्रको विस्तार तथा सेवा क्षेत्रको स्थायित्वका माध्यमबाट अर्थतन्त्रको संरचनात्मक रूपान्तरण गरी दिगो विकास सुनिश्चित गर्ने,
- पुँजी निर्माण वृद्धि गर्दै आन्तरिक स्रोत परिचालनको दायरा फराकिलो बनाई लगानी अभिवृद्धि गरी गतिशिल अर्थतन्त्र निर्माण गर्ने,
- विनियोजन कुशलता तथा खर्च क्षमता बढाउने तथा वित्तीय अनुशासन कायम गर्ने,
- उपलब्ध वित्तीय स्रोतलाई उत्पादन तथा रोजगारीमूलक क्षेत्रमा परिचालन गर्ने,
- आवश्यकता र क्षमताका आधारमा प्राथमिकता प्राप्त क्षेत्रमा स्रोतको विनियोजन बढाउने,
- सङ्घीय सरकार तथा स्थानीय तहसँगको वित्तीय अन्तरसम्बन्ध प्रगाढ बनाउने,
- जलवायु परिवर्तनसँग सम्बन्धित हरित कोष र अन्य वित्तीय स्रोत परिचालन गर्ने,
- नीजि सरकारी साझेदारि मोडेलमा प्रदेशमा बाह्य तथा आन्तरिक निजी लगानी प्रोत्साहन र सहजीकरण गर्न प्रदेश लगानी प्राधिकरणको सांगठनिक सुधार गरी अधिकार सम्पन्न बनाउने ।

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कोशी प्रदेश विराटनगर, नेपाल

प्रदेश सचिव

प्रमुख सचिव

५.६.२ उत्पादन तथा उत्पादकत्व अभिवृद्धि, सामाजिक सुरक्षा र न्यायिक वितरण

- उत्पादनका साधनको प्रतिस्पर्धी क्षमता अभिवृद्धि, बजार माग अनुकूलको आपूर्ति व्यवस्था तथा प्रतिफलयुक्त क्षेत्रमा परिचालनको नीति लिने,
- कृषि पूर्वाधार विकास, उत्पादनमा आधारित अनुदान प्रणाली, बजार व्यवस्थापन, समर्थन मूल्य निर्धारण, सहुलियतपूर्ण कर्जा आदिको माध्यमबाट कृषिमा आधुनिकीकरण र व्यावसायीकरण गरी कृषिको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने,
- कृषि उत्पादनलाई बजारसम्म सहज पहुँच पुऱ्याउन ग्रामीण शहरी अन्तरसम्बन्ध विस्तार गर्ने र स्थानीय सरकार मार्फत स्थानीय रुपमा आयातित वस्तुको स्थानीय उत्पादन मार्फत प्रतिस्थापन गर्ने,
- लगानीमैत्री नीति, पर्याप्त गुणस्तरीय औद्योगिक पूर्वाधार, औद्योगिक सुशासन प्रदान गरी औद्योगिकीकरण गर्ने,
- बन्द भएका उद्योगहरू सञ्चालनमा ल्याउनका लागि नयाँ आर्थिक उपकरणको प्रयोग गर्ने,
- सेवा क्षेत्रलाई आकर्षक र प्रतिस्पर्धात्मक बनाउने अनुकूल नीति तर्जुमा गर्ने,
- सार्वजनिक, निजी र सामुदायिक साझेदारीका लाभयुक्त क्षेत्रहरू पहिचान गरी संयुक्त लगानी गर्ने,
- बसाई सराईले जमिन खालि भएको र अर्को तिर जग्गा खण्डिकरण भएकोले सामुदायिक तथा सामुहिक उत्पादन प्रणाली अवलम्बन गर्नका लागि प्रोत्साहन गर्ने,
- उत्पादनमूलक क्षेत्रमा आधुनिक प्रविधिको प्रयोग बढाउँदै उत्पादन तथा उत्पादकत्व अभिवृद्धि गर्ने,
- प्रदेशमा प्राप्त हुने विकासका प्रतिफल सबै वर्ग समुदायमा न्यायिक ढङ्गबाट वितरण हुने प्रणाली विकास गर्ने,
- उत्पादन तथा उत्पादकत्व वृद्धिमा सबैको सहभागिता सुनिश्चित गर्ने, लक्षित वर्ग सबैलाई गुणस्तरीय सामाजिक सुरक्षाको दायरामा ल्याउने ।

५.६.३ शिक्षा प्रणालीमा सुधारः गुणस्तरीय, जीवनपयोगी, प्रविधिमैत्री तथा सीपमूलक शिक्षा,

- शैक्षिक गुणस्तर सुधारका लागि शैक्षिक पूर्वाधार, शैक्षिक सामग्री, पाठ्यक्रमलाई समयसापेक्ष सुधार गर्ने,
- विद्यालय जाने उमेरका सबै बालबालिकालाई विद्यालय जाने वातावरण तयार पार्न आवश्यक सचेतना, सहजीकरण तथा सहयोगका कार्यक्रम सञ्चालन गर्ने,
- शिक्षामा सबैको पहुँच पुऱ्याउनका लागि छात्रवृत्ति, दिवा खाजा, अभिभावक सहयोग कार्यक्रम, पुस्तक तथा शैक्षिक सामग्री निःशुल्क वितरण र हिमाली भेगमा आवासीय विद्यालय सञ्चालनको व्यवस्था गर्ने,



प्रदेश सचिव

प्रमुख सचिव

- शिक्षामा आधुनिक प्रविधिको प्रयोग बढाउदै विद्यार्थीमा प्रतिस्पर्धात्मक क्षमता बढाउने तथा प्राविधिक शिक्षाको विस्तार गर्ने,
- उच्च भूगोलको वातावरणीय लाभ लिने गरी गुणस्तरका शैक्षिक संस्थाहरू उक्त भेगमा स्थापना गरी विकासमा क्षेत्रीय सन्तुलनकायम गर्ने,
- उच्च शिक्षालाई अनुसन्धानमूलक बनाई विशेषज्ञ तथा विकासमा योगदान गर्न सक्ने जनशक्ति तयार पार्ने,
- विद्यार्थीलाई योग, ध्यान, नैतिकता र असल आचरणमा अभ्यस्त बनाउदै जीवन उपयोगी शिक्षा प्रदान गर्ने ।

### ५.६.४ गुणस्तरीय, सर्वसुलभ तथा पहुँचयोग्य स्वास्थ्य सेवा

- स्वास्थ्य संस्थाहरू पर्याप्त तथा सुविधासम्पन्न बनाई गुणस्तरीय, सर्वसुलभ सेवा दिन सक्ने बनाउने र प्रदेशका स्वास्थ्यसम्बन्धी सफल र असल अभ्यासलाई विस्तार गर्दै लैजाने,
- स्वास्थ्य बीमा अनिवार्य बनाउने र विपन्न, असहाय तथा अशक्तलाई निःशुल्क स्वास्थ्य बीमाको व्यवस्था गरी सबै नागरिकले सहजै स्वास्थ्य उपचार गर्न सक्ने बनाउने,
- प्रदेशमा सुविधासम्पन्न साधारण तथा क्यान्सर, मृगौला, बाल रोग जस्ता विशिष्टिकृत स्वास्थ्य संस्थाहरू मार्फत गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गरी अन्यत्रका नागरिकले समेत यस प्रदेशबाट उपचार सेवा लिन आउने अवस्था सिर्जना गर्ने,
- प्रत्येक जिल्लामा रहेका जिल्ला अस्पतालहरुको स्तरोन्नति गरी साधारण प्रकृतिको उपचार जिल्लामा नै गर्न सक्ने बनाउने,
- स्वास्थ्य सेवालाई विकेन्द्रित गरी सबै भागमा समानुपातिक तथा सन्तुलित ढङ्गबाट स्वास्थ्य सुविधाहरूको विस्तार गर्ने,
- स्वास्थ्य क्षेत्रमा काम गर्ने विशेषज्ञ जनशक्तिको उत्पादन बढाउने, प्रदेशमा टिकाउन आवश्यक नीति बनाउने तथा स्वास्थ्यकर्मीको समुचित परिचालन गर्ने,
- प्रदेशलाई आवश्यक पर्ने औषधीहरू प्रदेशमा नै उत्पादन गर्नका लागि निजी क्षेत्रसँग समन्वय तथा सहकार्य गर्ने,
- प्रदेशमा उत्पादन हुने तथा हुन सक्ने जडिबुटी पहिचान, संरक्षण, व्यवसायिक उत्पादन, सङ्कलन, प्रशोधन र औषधी उत्पादन तथा प्रयोगलाई प्रोत्साहित गर्ने नीति कार्यान्वयनमा ल्याउने,
- स्वास्थ्य सेवालाई दुर्गम स्थानसम्म पुऱ्याउनका लागि आधुनिक प्रविधिको प्रयोगमा जोड दिने,



सचिव

प्रमुख सचिव

- स्वास्थ्य निरोधात्मक कार्यक्रममार्फत आमनागरिकको स्वास्थ्यमा सुधार गर्न आहार विहार, योग, ध्यान, शारिरीक अभ्यास आदिको विस्तारमा जोड दिने,
- बीमा र निशुल्क स्वास्थ्य तथा निजी स्वास्थ्य सेवा प्रवाहमा सुशासन कायम गर्ने ।

५.६.५ मानव संसाधन विकास योजना तर्जुमा र कार्यान्वयन तथा जनसाङ्खिक लाभ

- प्रदेशलाई आगामी पाँच दशकलाई आवश्यक पर्ने मानव संसाधनको प्रक्षेपण गरी त्यसको विकास योजना तर्जुमा गरी कार्यान्वनयमा ल्याउने,
- बढ्दो युवा पलायन तथा विज्ञ जनशक्तिको बर्हिगमन रोक्न योजनावद्ध ढङ्गबाट उपयुक्त अवसर तथा वातावरण सिर्जना गर्ने,
- युवालाई प्राविधिक शिक्षा, सीप तथा व्यवसाय गर्नका लागि आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउने,
- युवा जनशक्तिलाई बजार र हुन सक्ने लगानीका क्षेत्रले मागेको र युवाले रोजेको सीप दिई आन्तरिक बजार तथा आवश्यकतानुसार वाह्य श्रमबजारका माग अनुसार उत्पादनशील जनशक्ति बिकास गर्ने,
- विदेश गएका प्रतिभाको क्षमता प्रदेशको विकासमा उपयोग गर्नका लागि त्यस्ता व्यक्तिको विवरण राख्ने, उनीहरूको सीप, क्षमता, अनुभव र पुंजी परिचालन गर्नका लागि ठोस योजनाहरू कार्यान्वयन गर्ने,
- विधालय तहको शिक्षा तथा उच्च शिक्षा प्रदान गर्ने शैक्षिक संस्थालाई प्रदेशको विशिष्टता तथा सम्भावना कार्यान्वयनमा ल्याउनका लागि आवश्यक पर्ने जनशक्ति उत्पादन गर्नका लागि प्रेरित गर्ने,
- युवाहरूलाई काम गर्दै सिक्दै गर्ने अवसर उपलब्ध गराउन निजी क्षेत्रलाई प्रेरित गर्ने र यस्ता उद्यमीलाई विशेष सहयोग उपलब्ध गराउने नीति लिने,
- उपलब्ध सीप र अवसरका बीचमा रहेको बेमेल अन्त्य गर्ने, आधुनिक प्रविधिको उपयोग युवाहरूको क्षमता अभिवृद्धिमा गरी बजारको मागबमोजिमको जनशक्ति उत्पादनमा जोड दिने ।

५.६.६ श्रमको सम्मान, मर्यादित र उत्पादनशील रोजगारीका अवसरको सिर्जना र गरीबी निवारण

- श्रमिकलाई हेर्ने दृष्टिकोण परिवर्तन गर्न श्रम गर्ने संस्कृतिको विकास गर्ने,
- सबै इच्छुक नागरिकले रोजगारीको अवसर पाउने अवस्था सिर्जना गर्न आर्थिक क्रियाकलाप वृद्धि गर्ने तथा लगानीको वातावरण तयार पार्ने,
- प्रदेशले उत्पादनशील तथा रोजगारमूलक क्षेत्रमा लगानी गर्नुपर्ने,
- युवाको स्टार्टअपलाई विशेष सहुलियत तथा सुविधा दिई स्वरोजगार हुन प्रेरित गर्ने,



सचिव

प्रमुख सचिव

- घरेलु तथा साना उद्यम प्रवर्धनका लागि प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गर्ने,
- विकास निर्माणको काममा सम्भव भएसम्म श्रममूलक प्रविधि प्रयोगमा ल्याउने,
- प्रदेशमा उपलब्ध रोजगारीका अवसरको विवरण सङ्कलन गरी नियमित रूपमा प्रदेश सरकारले सार्वजनिक गर्ने,
- श्रम गर्न सक्ने प्रत्येक व्यक्तिले वार्षिक निश्चित दिन काम गर्न पाउने गरी सबैका लागि रोजगारी नामक कार्यक्रम सञ्चालन गर्ने,
- प्रदेशमा गरीबीको रेखामुनी रहेका नागरिकको विवरण अध्यावधिक गरी त्यस्ता व्यक्तिलाई लक्षित गरी आत्मनिर्भर हुन सहयोग गर्ने कार्यक्रम सञ्चालन गर्ने,
- विपन्न, असक्त तथा असहायलाई विभिन्न सहुलियत तथा छुट उपलब्ध गराउन अलगै परिचयपत्र वितरण गर्ने,
- संघ सरकार र स्थानीय तहसँग समन्वय गरी गरिबी निवारणका लक्षित कार्यक्रम सञ्चालन गर्ने ।

### ५.६.७ दिगो र गुणस्तरीय पूर्वाधार तथा व्यवस्थित सहरीकरण

- दिगो विकासको अवधारणालाई आन्तरिकीकरण तथा स्थानीयकरण गरी परिमाणात्मक लक्ष्य प्राप्त गर्नका लागि पर्याप्त स्रोत साधन परिचालन गर्ने,
- प्रदेशले निर्माण गर्ने पूर्वाधारहरू दिगो, सुविधा सम्पन्न तथा गुणस्तरयुक्त बनाउने,
- प्रदेशमा पूर्वाधार गुणस्तर परीक्षणको प्रबन्ध गर्ने तथा यसका लागि जनशक्ति व्यवस्थापनका साथै निर्माण व्यवसायीलाई सक्षम बनाउने,
- योजनाको पहिचान, छनौट तथा कार्यान्वयनमा पर्याप्त तयारी गर्ने र लागत प्रभावी पूर्वाधार योजना मात्र कार्यान्वयनमा ल्याउने,
- योजनाहरू समयमा सम्पन्न गर्नका लागि पर्याप्त स्रोतको व्यवस्था, जनशक्तिको उपलब्धता तथा प्रशासनिक चुस्तता सुनिश्चित गर्ने,
- नयाँ र व्यवस्थित सहर बस्ने स्थानहरू निर्धारण गरी न्यूनतम सहरी पूर्वाधार निर्माण गरे पश्चात मात्र सहर बस्ने व्यवस्था गर्ने, उत्पादनशिल धान खेत र फाटहरुमा सरकारी भवनहरु बनाउन निषेध गर्ने,
- उत्तरबाट दक्षिणतर्फको तीव्र बसाई सराई र बढ्दो पूर्वाधार निर्माण तथा व्यवस्थापन लागत न्यूनीकरण गर्नका लागि ग्रामीण बजारहरूलाई साना सहरको रूपमा विकास गरी त्यस वरपरका ग्रामीण बस्तीहरूले त्यही सहरबाट सबै प्रकारका आधुनिक सेवा सुविधा लिन सक्ने बनाउने,
- दिगो र दरिलो पूर्वाधार निर्माण गर्ने भुकम्प प्रतिरोधी मापदण्ड सबै पालीकाले अनिवार्य रुपमा लागू गर्ने,



सचिव

प्रमुख सचिव

- स्वैच्छिक एकिकृत वस्ती विकासका लागि अति दुर्गम र जोखिमयुक्त वस्तिको नजिकको सुरक्षित ठाउमा स्थानान्तरण गर्न मापदण्ड र प्रोत्साहन सहितको नितीगत व्यवस्ता गर्ने,
- सहरी सुविधालाई पर्याप्त, आधुनिक, सर्वसुलभ, प्रविधियुक्त, वातावरणमैत्री, सुरक्षित तथा व्यवस्थित बनाउने,
- राष्ट्रिय गौरवका सडक लगायतका अन्य ठूला आयोजनाहरू कार्यान्वयन गर्दा नै त्यस्ता स्थानमा व्यवस्थित बस्ती र सहर स्थापनाको प्रयास गर्ने,
- ठूला पूर्वाधार कार्यान्वयनका लागि सार्वजनिक निजी साझेदारी मोडेल वा अन्य मोडेल प्रयोग गरी निजी क्षेत्रलाई परिचालन गर्ने,
- सार्वजनिक यातायात प्रणालीका समग्र पक्षलाई विद्युतीकरण गर्ने,
- छिमेकी मुलुकका विभिन्न सहरहरुलाई लक्षित गरी सुविधायुक्त बस सेवा संचालनमा ल्याउने,
- आवासको हक प्रत्याभूत गर्न निजी क्षेत्रसँग सहकार्य गरी सहरी क्षेत्रमा संयुक्त आवास विकास तथा ग्रामीण क्षेत्रमा एकीकृत आवास विकास गर्ने ।

### ५.६.८ स्वच्छ उर्जा र हरित अर्थतन्त्र

- प्रदेशमा जल उर्जा, सौर्य उर्जा, वायु उर्जा लगायतका स्वच्छ उर्जा उत्पादनको वास्तविक अवस्था पहिचान गर्ने,
- निर्माणाधिन जलविद्युत आयोजनाहरू समयमा सम्पन्न गर्न, नयाँ योजनाको निर्माण शिघ्र आरम्भ गर्न आवश्यक सहजीकरण गर्ने,
- उर्जा उत्पादनमा निजी क्षेत्रलाई लगानी गर्नका लागि अनुकूल वातावरण निर्माण गर्ने,
- सौर्य उर्जा, वायु उर्जा लगायतका नविकरणीय र वैकल्पिक उर्जा उत्पादनमा समुदायलाई अभिप्रेरित गर्ने,
- जलवायु परिवर्तनको नकारात्मक असरहरू न्यूनीकरण गरी हरित अर्थतन्त्रको विकास गर्ने,
- नवीकरणीय उर्जाको प्रवर्धन र हरित विकासको माध्यमबाट वातावरण प्रदूषण न्यूनीकरण गरी हरित अर्थतन्त्र प्रवद्र्धनमा जोड दिने,
- संघ सरकारसँगको समन्वयमा उत्पादित उर्जाको बिक्रीका लागि आवश्यक पूर्वाधार तथा अन्य व्यवसायिक वातावरण तयार पार्ने,
- ग्रामीण क्षेत्रमा वितरण गरीएको विद्युतको गुणस्तरमा सुधार गरी यसलाई पर्याप्त घरायसी तथा व्यवसायिक प्रयोजनमा लान सकिने बनाउने,
- प्रदेशमा उर्जाको उपभोग वृद्धि गर्नका लागि विभिन्न सहयोग, छुट तथा सहुलियत र प्रविधिसँग नागरिकलाई परिचित गराउने नीति लिने,



प्रदेश सचिव

प्रमुख सचिव

- स्वच्छ उर्जाको प्रयोग यातायात तथा उद्योग क्षेत्रमा बढाउने नीति लिने ।

५.६.९ वन, वातावरण, तथा जैविक विविधता संरक्षण

- वन क्षेत्रको संरक्षण, वनको व्यवसायिक प्रयोग, विकासमैत्री वन नीति, निजी वनको उपयोगको सहज नीति लिने,
- वन क्षेत्रको विकासले वातावरण संरक्षणमा पारेको सकारात्मक प्रभावबाट प्रदेशले आर्थिक लाभ लिने गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मञ्चमा पैरवी गर्ने,
- प्रदेशको जैविक विविधताको संरक्षण र संवर्धन गर्दै त्यसलाई आयआर्जन र रोजगारीमा योगदान गर्न सक्ने बनाउने,
- जनसङ्ख्याको कम चाप भएको स्थान तथा बसाईसराइले जमिन बाँझो भएका स्थानमा निजी वन प्रवर्धन गर्ने,
- वन्यजन्तुले करषकको उत्पादन र बालीनाली नोक्सानि गरेकोले सामुदायिक र सरकारी वनहरुमा ब्यापक रुपमा वन्यफलफलुका बिरुवाहरु लगाउने अभियान स्थानीय सरकार र समुदाय मार्फत शुरुगर्ने।

५.६.१० जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन

- विपद्‌बाट उच्च जोखिममा रहेका क्षेत्रहरू पहिचान र त्यस्ता क्षेत्रको संरक्षण गर्ने, विपद् जोखिम पूर्वसूचना प्रणाली स्थापना गरी विपद्‌बाट हुने क्षति न्यूनीकरणका साथै विपद्‌बाट विस्थापित परिवारको व्यवस्थापन गर्ने,
- विकास र वातावरण सन्तुलनका बीच उचित तादात्म्यता कायम गर्ने,
- जलवायु परिवर्तनका जोखिम न्यून गर्ने, स्थानीय समुदायलाई जलवायु अनुकूलन बनाउनका लागि आवश्यक तयारी गर्ने,
- पानीको पुनर्भरण गर्न, डुवान तथा बाढी नियन्त्रणका लागि कृत्तिम पोखरी तथा तालहरु निर्माण गर्ने ।

५.६.११ हिमाल, पहाड, तराईको अन्तरसम्बन्धको सुदृढीकरण र सन्तुलित तथा सहभागितामूलक विकास

- भूगोल तथा हावापानीको विशिष्टताबाट अधिक लाभ लिन सक्ने गरी योजना तथा कार्यक्रम तर्जुमा गर्ने,
- प्रदेशमा रहेका तीन प्रकारको भूगोलबीच विकासमा अन्तरसम्बन्ध कायम गरी गुणात्मक लाभ लिने,
- भौगोलिक विकटतामा लुकेको विकासको सम्भावनालाई उपयोग गर्दै विकासमा सन्तुलन कायम गर्ने,

प्रदेश सरकार मन्त्रिपरिषद्को कार्यालय कोशी प्रदेश विराटनगर, नेपाल



प्रदेश सचिव

- एकीकृत तथा सहभागितामूलक योजना तर्जुमाका माध्यमबाट आपसी अन्तरसम्बन्ध विकास गरी उच्च लाभ हासिल गर्ने ।

५.६.१२ प्रमुख साझेदारसँगको समन्वय तथा सहकार्य

- निजी क्षेत्रको विकास तथा विस्तारमा सहयोग गर्दै निजी क्षेत्रसँगको सहकार्य वृद्धि गर्ने,
- सहकारीको सबलीकरण गरी उत्पादनमूलक क्षेत्रमा सहकारीको परिचालन र सामाजिक सशक्तिकरणमा सहकारीसँग सहकार्य गर्ने,
- नागरिक समाजको सशक्तिकरण गर्दै विकास तथा उन्नयनका अभियानमा नागरिक समाजसँगको समन्वय तथा सहकार्य वृद्धि गर्ने,
- प्रदेशमा रहेका प्राज्ञिक तथा अनुसन्धानमूलक संस्थाहरुको स्तरोन्नति गर्दै त्यस्ता संस्थाहरूलाई अध्ययन तथा अनुसन्धानात्मक कार्यमा संलग्न गराउने,
- समुदायस्तरमा गठन भएका संघसंस्थाहरूको क्षमता अभिवृद्धि गर्दै त्यस्ता संस्थासँग सामाजिक तथा आर्थिक विकासमा सहकार्य गर्ने,
- प्रदेशमा क्रियाशिल राजनैतिक दलहरूसँगको सुझाव, सल्लाह र सहकार्यमा प्रदेशको आर्थिक, भौतिक तथा सामाजिक विकासलाई अगाडि बढाउने ।

५.६.१३ तथ्याङ्क व्यवस्थापन, अनुगमन प्रणालीमा सुधार तथा सुशासन प्रवद्र्धन

- प्रदेशमा एक विशिष्ट तथ्याङ्क सङ्कलन, प्रशोधन तथा प्रकाशन गर्न सक्ने प्रणाली स्थापना गर्ने,
- नियमित अध्यावधिक हुने एकीकृत र खण्डीकृत तथ्याङ्कको प्रयोगबाट नीति, योजना तथा निर्णय निर्माणलाई वस्तुपरक बनाउने,
- प्रदेशमा प्रभावकारी अनुगमन प्रणाली स्थापना गरी विकास निर्माणको नियमित अनुगमनमार्फत गुणस्तर सुनिश्चित गर्ने,
- अनुगमन तथा मूल्याङ्कन प्रणालीमा आधुनिक सूचना प्रविधिको प्रयोग बढाउने,
- प्रदेशले प्रवाह गर्ने सबै प्रकारका सेवाहरू पारदर्शी, सर्वसुलभ, पहुँचयोग्य, प्रविधिमैत्री तथा अनुमानयोग्य बनाउने,
- प्रदेश सरकारका संरचनाहरू डिजिटल प्रविधिमा लैजाने, नागरिकले अधिकांश सेवाहरू घरमा बसेर लिने प्रणाली विकास गर्ने,

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कोशी प्रदेश विराटनगर, नेपाल



प्रदेश सचिव

- न्यायमा सहज पहुँच तथा प्रभावकारी न्याय सम्पादनमा सहजीकरण गर्ने, हिंसाका घटनाहरू न्यूनीकरण, उजुरीको समयमा फर्छ्यौट हुने प्रबन्ध मिलाउने,
- प्रदेश सरकारले गर्नुपर्ने अनुसन्धानात्मक काममा विश्वविद्यालय तथा ठूला शैक्षिक संस्थाहरूसँग सहकार्य गर्ने वातावरण निर्माण गर्ने,
- छरितो प्रशासन संयन्त्र, कुशल, जवाफदेही तथा उच्च मनोबलयुक्त प्रशासन निर्माण गर्ने,
- निर्णय प्रक्रियामा बढ्दो नागरिक संलग्नता र सरकारप्रतिको जनविश्वास बढाउने,
- समानान्तर संरचनाहरू निर्माणको कार्यलाई अन्त्य गरी विद्यमान संरचनाहरूको प्रभावकारिता वृद्धि गर्ने,
- तीन तहका सरकार बीचको अन्तरसम्बन्ध सुदृढ बनाउने,
- भ्रष्टाचार र अनियमिततामा शून्य सहनशिलताको नीति लिने ।

## ६. योजना तर्जुमा विधि तथा प्रक्रिया

योजना तर्जुमाको क्रममा प्रदेश तथा स्थानीय तहमा आयोगको टोलीमार्फत संयुक्त रूपमा सरकारका विभिन्न निकायका पदाधिकारी, राजनीतिक दल, निजी क्षेत्र, सहकारी, गैरसरकारी क्षेत्र, बिषय विज्ञ, विकास साझेदार, नागरिक समाज तथा लक्षित वर्गहरूसँग छलफल तथा अन्तक्रिया गरीने छ । छलफल तथा अन्तक्रियाबाट प्राप्त सुझावका आधारमा योजनाको मस्यौदा दस्तावेजलाई परिमार्जन गर्दै लगिने छ र परिमार्जित मस्यौदालाई प्रदेश विकास परिषद्को बैठकमा प्रस्तुत गरीने छ । सो बैठकमा प्राप्त सुझावलाई समावेश गरी तयार हुने अन्तिम मस्यौदालाई प्रदेश सरकार मन्त्रिपरिषद्मा स्वीकृतिको लागि पेस गरीने छ । मन्त्रिपरिषदबाट स्वीकृत भएपश्चात दोस्रो आवधिक योजना प्रकाशन गरी कार्यान्वयनमा ल्याईने छ । उल्लिखित कार्यहरूलाई आवश्यक समन्वय तथा सहजीकरण गर्न प्रदेश योजना आयोगका उपाध्यक्षको संयोजकत्वमा एक निर्देशक समिति र सदस्यहरूको संयोजकत्वमा विषय क्षेत्रगत समितिहरू गठन गरीने छ ।

नेपालको संविधान, राष्ट्रिय तथा प्रादेशिक विद्यमान नीति तथा कानुनी व्यवस्था, राष्ट्रिय दीर्घकालीन सोच, प्रदेशको दीर्घकालीन सोच, प्रथम आवधिक योजनाको समीक्षाबाट प्राप्त निष्कर्ष, राजनीतिक दलका घोषणा पत्र, प्रदेश सरकारको शासकीय अनुभव, दिगो विकास लक्ष्यको स्थानीयकरण, नेपालको अन्तर्राष्ट्रिय विकास प्रतिवद्धता, प्रदेशसँग सीमा जोडिएका अन्य प्रदेश तथा अन्य मुलुकको विकास नीति तथा सम्भावना, स्थानीय तहको विकास अभ्यास, प्रदेशबासीको चाहना तथा प्रदेशको विशिष्टताको आधारमा प्रदेशको विकास योजना तर्जुमा गरीने छ । दोस्रो आवधिक योजनाको अन्तिम दस्तावेजमा आगामी पाँच वर्षभित्र हासिल गर्ने गरी

प्रमुख सचिव

विकासका समग्र सूचकका अतिरिक्त क्षेत्रगत सूचकका परिमाणात्मक लक्ष्य निर्धारण गरी सोको प्राप्तिका लागि उपयुक्त रणनीति तथा प्रमुख कार्यक्रम प्रस्ताव गरिने छ ।

## ७. अपेक्षित नतिजा

२०८१ साल जेठ १५ गते सम्ममा दोस्रो आवधिक योजनाको अन्तिम मस्यौदा दस्तावेज तयार भएको हुनेछ । आगामी आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम र वार्षिक बजेट प्रदेशको दोस्रो आवधिक योजनाको पहिलो वर्षको बजेट तथा कार्यक्रमको रूपमा यसै योजनामा आधारित भएर तर्जुमा गरिने छ । त्यसपछिका बाँकी चार आर्थिक वर्षका सबै कार्यक्रमहरू यसै आवधिक योजनामा आधारित भएर तर्जुमा तथा कार्यान्वयन गर्दै लगिने छ । दोस्रो आवधिक योजनाले प्रदेश सरकारको मध्यमकालीन खर्च संरचना, वार्षिक नीति तथा कार्यक्रम, वार्षिक योजना तथा बजेट तथा कार्यक्रम र सम्पूर्ण नीति निर्माणलाई दिशानिर्देश गर्नेछ। साथै यसै दस्तावेजले विकासको राष्ट्रिय लक्ष्य हासिल गर्न योगदान गर्नुका साथै स्थानीय तहको आवधिक योजना तर्जुमा तथा समग्र विकास प्रक्रियालाई सहयोग गर्नेछ ।

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कोशी प्रदेश विराटनगर, नेपाल

प्रदेश सचिव

## सन्दर्भ सामग्री

- प्रदेश योजना आयोग (२०७६), प्रथम आवधिक योजना, कोशी प्रदेश।
- प्रथम आवधिक योजना कार्यान्वयनको समीक्षा, (२०८०), कोशी प्रदेश।
- कोशी प्रदेशको पार्श्वचित्र (२०८०), कोशी प्रदेश।
- मध्यमकालीन खर्च संरचनाका वार्षिक प्रकाशनहरू, कोशी प्रदेश।
- राष्ट्रिय जनगणना, २०७८।
- नेपाल जीवनस्तर सर्वेक्षण चौथो (२०७९/८०)।
- आर्थिक सर्वेक्षणका विभिन्न अङ्क, कोशी प्रदेश र अर्थ मन्त्रालय।
- जिल्लास्तरीय छलफल।
- प्रदेशस्तरीय छलफल।
- कोशी प्रदेश उद्योग वाणिज्य संघसँगको छलफल।
- कोशी प्रदेशको विकाससँग सम्बन्धित द एशिया फाउण्डेसन, भिरोक, साउति, सिइओ, नियर्स लगायतका संस्थाहरूले गरेको अध्ययनबाट प्राप्त सुझावहरू।

प्रदेश सचिव